नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
सानोठिमी, भक्तपुर

# विषय दर्ता फाराम भर्ने/भराउने सम्बन्धी म्याद थप गरिएको सूचना

शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको विषय दर्ता फाराम बुझाउने सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रकाशित शैक्षिक कार्यतालिका अनुरुप मिति २०८२ कात्तिक १५ गतेसम्म विलम्ब शुल्क रहित (प्रति विद्यार्थी रु. ४००।-) र मिति २०८२ कात्तिक मसान्तसम्म विलम्ब शुल्क सहित (प्रति विद्यार्थी रु. ८००।-) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको बैंक खातामा जम्मा गरी उक्त बैंक भौचर सहित विषय दर्ता फारामहरू मिति २०८२ मंसिर ७ गते गतेभित्र Online फाराम भरी बोर्डका सम्बन्धित कार्यालयमा रसिद काटी बुझाउन सूचित गरिएकोमा कक्षा १० (SEE) को पूरक परीक्षाका प्रमाणपत्रहरू सम्बन्धित विद्यालयमा उपलब्ध भई नसकेका कारणले उपरोक्त समयावधि परिवर्तन गरी मिति २०८२ कात्तिक मसान्तसम्म विलम्ब शुल्क रहित (प्रति विद्यार्थी रु. ४००।-) र मिति २०८२ मंसिर ७ गतेसम्म विलम्ब शुल्क सहित (प्रति विद्यार्थी रु. ८००।-) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको बैंक खातामा दाखिला गरी मिति २०८२ मंसिर १० गतेभित्र Online ईन्ट्री समेत गरी बोर्डका सम्बन्धित कार्यालयहरूमा रसिद काटी फाराम बुझाउने गरी म्याद थप (संसोधन) गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

***पुनश्च:*** राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्य क्षेत्रभित्रका विद्यालयहरुलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

– परीक्षा नियन्त्रक
२०८२/०७/११